# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-५३२०९१३, ४४६८०४३

## सूचना ! सूचना ! सूचना !

यस वित्तीय संस्थाद्वारा सञ्चालित साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम अन्तर्गत विभिन्न वर्षहरुमा इजरायलको कृषि तालिम केन्द्र/कलेजहरुमा प्रशिक्षणमा सफलतापूर्वक भागलिएका प्रशिक्षार्थीहरुमध्ये नेपालमा सिटिइभिटि अन्तर्गतका विद्यालयमा लिनु पर्ने पहिलो चरणको तालिम पुरा गरेका, तर विविध कारणले दोस्रो चरणको तालिम लिन नसकेका वा दुवै चरणका तालिम लिन छुटेका प्रशिक्षार्थीहरुले तालिमबापत जम्मा गरेको मध्ये बाँकी रकम भुक्तानी लिने व्यवस्थाका सम्बन्धमा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

उपर्युक्त बमोजिमका प्रशिक्षार्थीहरुले २०८१ असार मसान्तभित्रमा माथि उल्लेख गरेबमोजिम 'तालिम लिन नसकेको चरणको शुल्कवापतको रकम भुक्तानी पाउँ' भनी आफुलाई छनौट गरी इजरायल पठाउने साना किसान कृषि सहकारी संस्थामा निवेदन दिनु पर्नेछ। रकम प्राप्त गर्ने विद्यार्थीको नाम, अध्ययन गरेको वर्ष, भुक्तानी दिनु पर्ने रकम तथा सम्बन्धित साना किसान सहकारी संस्थाको नाम सहितको विस्तृत सूचना यस वित्तीय संस्थाको वेबसाइट www.skbbl.com.np मा प्रकाशन गरिएको छ। उक्त नामावली अनुसार रकम भुक्तानी गरेको निस्सा सहित उक्त साना किसान कृषि सहकारी संस्थाले सम्बन्धित प्रशिक्षार्थीलाई उल्लिखित रकम भुक्तानी दिई सोको शोधभर्नाको लागि यस वित्तीय संस्थाको शाखा कार्यालयमा लेखी पठाउनु पर्नेछ र शाखा कार्यालयले सहकारी संस्थालाई तुरुन्त भुक्तानी दिई केन्द्रीय कार्यालयमा हिसाब मिलान गर्नु पर्नेछ।